## राष्ट्रिय नीति कार्यक्रमबारे सहभागी बालिकाको विचार



मेरो नाम कविता वि.क. हो । म हाल १६ वर्षको भएँ । मैले १० वर्षको उमेर हुँदा देखि घरेलु बालश्रमिकको रूपमा काम गर्दै आएको हुँ । अहिले म राधाकृष्ण माध्यमिक विद्यालयमा पढ्दै छु । म १२ वर्षको भएपछि बालक्लबको सदस्य बन्ने मौका पाएँ । अहिले नमूना श्रमिक बालक्लब र नगर समन्वय समितिको सल्लाहकारको रूपमा रहेकी छु ।

हामीले आज बालश्रम, बालकाम, बालश्रम शोषण, निकृष्ट प्रकारका बालश्रमका विषय सहित हाल रहेका राष्ट्रिय नीति र कार्यक्रमका बारेमा छलफल गरी सो को बारेमा जानकारी प्राप्त गरेका छौँ । हामीलाई अहिलेका योजनाहरूले धेरै अवसर र सुविधाहरू दिएका रहेछन् । तर, यी सबै कुराहरू हामीले उपभोग गर्न पाएका छैनौँ । यस्ता योजनाहरू बन्दा बालबालिकालाई अर्थपूर्ण सहभागिता गराइनु पर्थ्यो । हाल रहेको गुरूयोजनाका कतिपय शब्दहरू हामी बुझ्दैनौँ । हाम्रा लागि बनेका योजनामा प्रयोग भएका शब्द हामीले नै नबुझ्ने गरी प्रयोग गर्नु अनि त्यको बारेमा जानकारी नदिनु दुर्भाग्य हो ।

गुरूयोजना १० वर्षको लागि बनेको रहेछ । जबकी यसको समय अब पाँच वर्ष मात्र बाँकी छ । बाँकी रहेको पाँच वर्षमा त्यस्को कार्यान्वयन पक्ष कस्तो होला ? हामी धेरै श्रम क्षेत्रका साथीहरूले छलफल गरेर दिएका सुझावहरू योजनामा, संविधानमा उल्लेख गरियोस् । हामीले दिएका सुझावहरूलाई संविधान निर्माणकर्ताहरूले श्रमिकले दिएको नठानी आफ्नै छोराछोरीका आवाजहरू सम्झेर संविधानमा लेख्ने काम र योजनाहरू बनाउने गरियोस् । ❖


| | |
|---|---|
| **प्रकाशन** | : राष्ट्रिय बालश्रम सम्मेलन आयोजक समिति |
| **सम्पादक** | : कमल चापागाईं |
| **प्रकाशन सहयोगी** | : रचना उपाध्याय, सानु गिरी, जियम श्रेष्ठ, सञ्जिव अधिकारी, मीलन खड्का, श्रीया थापा, गोविन्द कोइराला, पर्शुराम चौधरी, प्रेम घिमिरे, युवराज घिमिरे |



चाहना : बालश्रम मुक्त समाजको

# बाल आवाज

समाचार बुलेटिन

वर्ष १, अङ्क २, २०६६ चैत्र २६


## राष्ट्रिय नीति कार्यक्रम र बालश्रम



चैत्र २५, काठमाडौँ । बालबालिकाहरूले वर्तमान नेपालको राष्ट्रिय नीति कार्यक्रम र बालश्रमको बारेमा छलफल तथा अन्तर्क्रिया गरेका छन् ।

बालश्रमिकहरूको राष्ट्रिय सम्मेलनको दोश्रो दिन बालबालिकाहरू माझ बालबालिकाले गर्ने काम, बालश्रम, बालश्रम शोषण र निकृष्ट प्रकारको बालश्रमका विविध पक्षहरूबारे चर्चा गरेका छन् । यस अघि बालबालिकाहरूलाई श्रमको अवधारणाको बारेमा स्पष्ट पार्नको निम्ति समूहमा विभाजन गरी नाटकको प्रस्तुतीमार्फत् अभिव्यक्त गर्न लगाइएको थियो । त्यसै गरी बालबालिकासँगको दोश्रो सत्रमा योजनाको बारेमा चर्चा गर्दै नेपालमा बालश्रम निवारण गर्न बनेको गुरूयोजना र राष्ट्रिय कार्ययोजनाको बारेमा व्यापक रूपमा छलफल चलाइएको थियो । श्रमिक बालबालिकाहरूले उक्त योजनाहरूमा बालश्रमलाई प्रमुखताका साथ उठान गरेका थिए ।

नेपालले निर्धारण गरेको बालश्रमसम्बन्धी राष्ट्रिय कार्ययोजनामा बालश्रमिकहरूले आफ्ना समस्याहरूलाई सम्बोधन गरिनुपर्ने र त्यसको व्यवहारिक कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रमलाई सानु गिरी, जियम श्रेष्ठ र कमल चापागाईंले सहजीकरण गर्नुभएको थियो ।

❖

# बालश्रमसम्बन्धी नीति कार्यक्रमबारे वयष्कहरुको छलफल



चैत्र २५, २०६६ काठमाडौँ ।

राष्ट्रिय बालश्रम सम्मेलन भैरहेको समयमा वयष्कहरूले बालश्रम सम्बन्धी नीति तथा कार्यक्रमबारे छलफल गरेका छन् ।

केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक धर्मराज श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा सेभ द चिल्ड्रेन नेपालका प्रतिनिधि ज्ञानेन्द्रकुमार श्रेष्ठले आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो कार्यपत्र प्रस्तुत गर्ने क्रममा श्रेष्ठले बालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजना (२०६१-७१)का प्रावधानहरू, बालबालिका सम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना र तीन वर्षे अन्तरिम योजनाको बारेमा प्रष्ट पार्नु भएको थियो । यस क्रममा उहाँले नेपाल सरकारले बालश्रमको क्षेत्रमा गरेको बजेट विनियोजनको बारेमा समेत सहभागीहरूलाई जानकारी गराउनु भएको थियो । विभिन्न नीति तथा कार्यक्रमहरूको चर्चा गर्दै श्रेष्ठले नेपालमा योजना तथा नीतिहरूको कमी नभएको तर सरकारको उत्तरदायित्व बहनमा चाहिँ कमी रहेको कुरा बताउनु भएको थियो । त्यसै गरी अतिथि वक्ताको रूपमा पाल्नुभएका राष्ट्रिय योजना आयोगका बद्रीनाथ कोइरालाले सरकारी निकायहरूको कमीकमजोरीका कारणले दश वर्षे गुरूयोजनाको पाँच वर्ष बितिसक्दा कुनै उल्लेखनीय प्रगति हुन नसकेको बताउनु भयो । "सरकारलाई आफ्नो कामप्रति जिम्मेवार बनाउन गैह्रसरकारी संस्थाहरू एकजुट भएर लाग्नुपर्दछ" - कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले बताउनु भयो । व्यक्तव्यमा कोइरालाले यसकार्यका लागि गैह्र सरकारी संस्थाहरूले सञ्जाल बनाउनुपर्ने र त्यस सञ्जाललाई नेपालका बिकट तथा ग्रामिण भेगसम्म पुऱ्याउनु पर्ने सुझाव दिनु भयो ।

कार्यक्रमका सहभागी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाका प्रतिनिधीहरूले समूह छलफल गरी नेपाल सरकारको नीति तथा कार्यक्रममा रहेका बालश्रम सम्बन्धी प्रावधानहरू, मस्यौदा संविधानले संवोधन गरेका बालश्रमका विषयहरू र त्यसमा भएका कमीकमजोरीहरू बारे केलाएका थिए । छलफलमा सहभागीहरूले नेपालमा बालश्रम सम्बन्धी नीति कार्यान्वयनको अनुगमन र मुल्याङ्कन नहुने भएकाले बालश्रम निराकरणमा चाहे जस्तो सुधार नभएको बताएका थिए । त्यसै गरी नीति र कार्यक्रम सम्बन्धी ज्ञान र चेतनाको कमीले गर्दा पनि नीति नियमहरू कमजोर सावित भइरहेको निश्कर्ष निकालेका थिए । त्यसै गरी संविधानले सम्बोधन गरेका बालश्रम सम्बन्धी मुद्धाहरूमा उमेरअनुसार कामको प्रकृति निर्धारण, सजायका प्रावधानहरू संविधानको राम्रो पक्ष रहेको कुरा औँल्याएका थिए । यसक्रममा १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूलाई श्रममा लगाउन नहुने र अभिभावकत्व नभएका बालबालिकाहरूलाई सरकारले सामाजिक सुरक्षा दिनुपर्ने लगायतका कुराहरू सहभागीहरूले सुझावको रूपमा दिएका थिए ।



समूह कार्यबाट आएका सुझावहरूलाई सङ्कलन गरी अपीलको रूपमा सम्बन्धित निकायहरूसम्म पुऱ्याउने छलफल कार्यक्रमका सहजकर्ता युवराज घिमिरेले बताउनु भएको थियो । ❖